# वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत : २०८०।०८।१४
पहिलो संशोधन : २०८०।०९।१६

<u>प्रस्तावना</u> : वैदेशिक रोजगारमा कामदार पठाउनु पूर्व स्वीकृतिको लागि पेश हुने मागपत्रको आधिकारिताको सम्बन्धमा १५ दिन भित्र सम्बन्धित मुलुक हेर्ने नेपाली कुटनीतिक नियोगको सिफारिश गर्नु पर्ने प्रावधान वैदेशिक रोजगार ऐन, २०६४ मा व्यवस्था भई सोही समेतको आधारमा सम्बन्धित निकायबाट जाँचबुझ भइ नआएको अवस्थामा प्राप्त रोजगारीका अवसर गुम्न नदिन एवं वैदेशिक रोजगारलाई विश्वसनीय र व्यवस्थित बनाउन बाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (२) बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो कार्यविधिको नाम "वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इजाजतपत्रवाला" भन्नाले ऐनको दफा ११ बमोजिम इजाजतपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(ग) "कुटनीतिक नियोग" भन्नाले कुनै विदेशी मुलुकस्थित नेपाली राजदुतावास, नेपाली महावाणिज्य दुतावास, वाणिज्य दुतावास, स्थायी नियोग, विशेष नियोग वा कुटनीतिक कार्य सम्पादन गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै निकाय वा एकाई सम्झनु पर्छ र सो शब्दले गन्तव्य मुलुकको लागि तोकिएको सहप्रमाणिकृत नेपाली कुटनीतिक नियोगलाई समेत जनाउँछ।

(घ) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(च) "मागपत्र" भन्नाले श्रमिकको संख्या, किसिम, योग्यता, श्रमिकले पाउने सुविधा तथा सेवाका अन्य शर्तहरु उल्लेख गरी रोजगारदाता संस्थाले इजाजतपत्रवालालाई पठाएको मागपत्र सम्झनु पर्छ।

(छ) "रोजगारदाता संस्था" भन्नाले श्रमिकलाई विदेशमा रोजगारी उपलब्ध गराउने विदेशस्थित संस्था सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्छ।

(झ) "समिति" दफा ३ को उपदफा (२) बमोजिमको समिति सम्झनु पर्छ।

३. **मागपत्र प्रमाणित गर्ने** : (१) विभागले इजाजतपत्रवालाले ऐनको दफा १५ को उपदफा (१) बमोजिम पेश गरेको निवेदन साथ संलग्न मागपत्र र सोसँग सम्बन्धित अन्य विवरण भएका कागजातहरू सम्बन्धित कुटनीतिक नियोगको सिफारिश वा ऐनमा तोकिए बमोजिम १५ (पन्ध्र) दिनभित्र सिफारिश भई नआएका मागपत्रहरूको आधिकारिकता हेरी प्रमाणीकरणका निम्ति गठित समितिको सिफारिशका आधारमा पूर्व स्वीकृति प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त मागपत्रहरूको आधिकारिकता हेरी प्रमाणीकरण गर्नको लागि मन्त्रालयमा देहाय बमोजिमको मागपत्र प्रमाणीकरण समिति रहनेछः-

(१) सहसचिव, रोजगार व्यवस्थापन महाशाखा, मन्त्रालय -संयोजक
(२) उपसचिव, परराष्ट्र मन्त्रालय -सदस्य
(३) उपसचिव, वैदेशिक रोजगार विभाग -सदस्य
(४) उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य
♣(५) उपसचिव, रोजगार समन्वय तथा सूचना शाखा -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिले आवश्यक्तानुसार सरोकारवाला निकाय र विज्ञहरुसँग सम्बन्धित विषयमा बुझ्न बैठकमा आमन्त्रण गर्न सक्नेछ।

▲(४) समितिको बैठक भत्ता नियमानुसार हुनेछ।

४. **मन्त्रालयले सिफारिश गर्नु पर्ने** : (१) मन्त्रालयमा मागपत्र जाँचबुझ गर्नका लागि गठित समितिले रोजगारदाता वा निजको प्रतिनिधिले पेश गरेको वा विभागबाट अनलाइन वा आधिकारिक इमेल मार्फत प्राप्त हुन आएका देहायका मागपत्रको सम्बन्धमा दश कार्य दिनभित्र सोको आधिकारिकता यकिन गरी सिफारिश सहित अनलाइन वा आफ्नो आधिकारिक इमेल मार्फत विभागमा पठाउनु पर्नेछः-

(क) प्रमाणीकरणको लागि पेश हुन आएको मागपत्र,
(ख) वैदेशिक रोजगारमा जाने मुलुकको चेम्बर अफ कमर्श वा नोटेरी पब्लिकबाट प्रमाणीकरण गरिएको मागपत्र,
(ग) वैदेशिक रोजगारमा जाने मुलुकको आधिकारिक निकायबाट प्रमाणित गरिएको मागपत्र।

(२) समितिले उपदफा (१) बमोजिम प्राप्त मागपत्रको सम्बन्धमा सिफारिश गर्नु पूर्व देहायको विषयमा कुनै माध्यमबाट जानकारी लिई वा आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गर्न सक्नेछः-

(क) रोजगारदाता संस्थामा नेपाली कामदार भए उनीहरूको अवस्था,

---

♣ पहिलो संशोधनद्वारा संशोधित

▲ पहिलो संशोधनद्वारा थप



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(ख) रोजगारदाताले कामदारलाई उपलब्ध गराउने पारिश्रमिक एवं सेवा सुविधा र विगत ३ (तीन) महिनाको पारिश्रमिक वितरणको अवस्था,

(ग) कामदारको कार्यस्थल, आवास, स्वास्थ्य र सुरक्षा सम्बन्धी अवस्था,

(घ) रोजगारदाता कालोसूचीमा परे नपरेको,

(ङ) रोजगारदाताको वैधानिकता,

(च) रोजगारदाताले श्रम गन्तव्य मुलुकको सरकारबाट प्राप्त नेपाली कामदार माग गर्न दिएको स्वीकृति सम्बन्धी कागजात,

(छ) अन्य आवश्यक विवरण,

(ज) यस उपदफा बमोजिमका विवरणहरु झुठा ठहरिएमा प्रचलित कानून बमोजिम कारवाही भोग्न तयार भएको इजाजतपत्रवालाको प्रतिवद्दता पत्र।

(३) समितिलेले यस कार्यविधि बमोजिम मागपत्रको आधिकारिकता सम्बन्धमा आफुले गरेको सिफारिशको छुट्टै अभिलेख राख्नु पर्नेछ।

५. <u>विभागले निर्णय गर्ने</u> : (१) विभागले दफा ४ बमोजिम रोजगारदाताको मागपत्रको आधिकारिकताको सम्बन्धमा कुटनीतिक नियोग वा समितिबाट प्राप्त सिफारिश समेतको आधारमा ऐन तथा नियमावली बमोजिम त्यस्तो रोजगारदातालाई कामदार आपुर्ति गर्न इजाजतपत्रवालालाई पूर्व स्वीकृति दिने वा नदिने विषयमा निर्णय गर्नु पर्नेछ।

(२) इजाजतपत्रवालाले विभागमा निवदेन साथ पेश गरेको मागपत्र र दफा ४ बमोजिम प्राप्त सिफारिशमा सो मागपत्रमा उल्लिखित व्यहोरामा कुनै कुरा फरक देखिएमा विभागले थप अनुसन्धान गरी सोको आधारमा पूर्व स्वीकृति सम्बन्धी निर्णय गर्नु पर्नेछ।

(३) दफा ४ बमोजिम प्राप्त सिफारिशबाट रोजगारदाताको मागपत्रको विवरणमा कैफियत देखिएमा वा त्यस्तो मागपत्रमा उल्लिखित व्यहोरा झुठा भएको पाइएमा विभागले त्यस्तो रोजगारदातालाई कामदार आपूर्ति गर्ने इजाजतपत्रवालालाई पूर्व स्वीकृति दिने छैन।

(४) उपदफा (३) बमोजिम विभागले पूर्व स्वीकृति नदिने निर्णय गरेमा सोको जानकारी ७ (सात) दिनभित्र सम्बन्धित इजाजतपत्रवाललाई दिनु पर्नेछ।

६. <u>पूर्व स्वीकृति प्रकृया स्थगित गर्ने</u> : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पूर्व स्वीकृतिको प्रकृयामा रहेको कुनै मागपत्रको सम्बन्धमा पूर्व स्वीकृति प्रदान गर्ने निर्णय भई नसकेको अवस्थामा कुनै माध्यमबाट त्यस्तो मागपत्रको आधिकारिकताको सम्बन्धमा शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण सहितको जानकारी प्राप्त भएमा विभागले त्यस्तो मागपत्रको सम्बन्धमा पूर्व स्वीकृति प्रदान गर्ने प्रकृया स्थगित गर्नु पर्नेछ। त्यसरी प्रकृया स्थगित गरेपछि विभागले यस कार्यविधि बमोजिम सो मागपत्रको आधिकारिकताको सम्बन्धमा यकिन गरी सिफारिश गर्न सम्बन्धित कुटनीतिक नियोगमा पठाउनु पर्नेछ।

▲६क. <u>मागपत्र प्रमाणीकरण गर्न लाग्ने राजश्व</u> : मागपत्र प्रमाणित गर्दा अनुसूची-१ बमोजिम हुनेछ।

---

▲ पहिलो संशोधनद्वारा थप



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

▲ ६ख. **<u>मागपत्र प्रमाणिकरणका लागि आवश्यक रूजु सूची</u>** : मागपत्र प्रमाणित गर्न मन्त्रालयमा पेश गर्दा अनुसूची-२ बमोजिमको रुजु सूची पेश गर्नु पर्नेछ।

७. **<u>झुठा विवरण पेश गरेमा</u>** : कुनै इजाजतपत्र प्राप्त संस्थाले झुठा विवरण संलग्न गरी मागपत्र प्रमाणीकरण गराएको भएमा त्यस्ता संस्थाहरुको कारोबार रोक्का राखी प्रचलित कानून वमोजिम कारवाही अगाडी बढाउन समितिले विभागलाई लेखी पठाउन सक्नेछ।

८. **<u>बाधा अड्काउ फुकाउने</u>** : यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

९. **<u>कार्यविधिको संशोधन</u>** : समितिको सिफारिशमा मन्त्रालयले आवश्यकतानुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

▲ १०. **<u>अनुसूचीमा थपघट वा हेरफेर</u>** : मन्त्रालयले अनुसूचीमा आवश्यक्तानुसार थपघट वा हेरफेर गर्न सक्नेछ।

---

▲ पहिलो संशोधनद्वारा थप

▲ पहिलो संशोधनद्वारा थप

▲ अनुसूची-१

(दफा ६क. सँग सम्बन्धित)

मागपत्र प्रमाणीकरण गर्न लाग्ने राजश्व

१. **GCC र मलेशिया**

(क) १०० भन्दा कम – चालीस हजार

(ख) १०१ र सो भन्दा बढी – साठी हजार

२. **पूर्वी एसिया, जापान, कोरिया, इजरायल लगायतका मुलुकहरु**

(क) १०० भन्दा कम – पचास हजार

(ख) १०१ र सो भन्दा बढी – पचहत्तर हजार

३. **युरोप तथा बाँकि अन्य मुलुकहरु**

(क) १०० भन्दा कम - ३५० यूस डलर

(ख) १०१ र सो भन्दा बढी - ५०० यूस डलर

४. मागपत्र संशोधनका लागी : रुपैंयाँ वीस हजार

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

---

▲ पहिलो संशोधनद्वारा थप

## ▲अनुसूची-२

### (दफा ६ख. सँग सम्बन्धित)

### मागपत्र प्रमाणिकरणका लागि आवश्यक रूजु सूची

१. मागपत्र

२. Power of Attorney

३. रोजगार सम्झौता

४. Letter of Guarantee

५. Inter Party Agreement

६. गन्तव्य मुलुकको प्रमाणित गर्ने निकाय

(क) Government

(ख) Chamber of Commerce

(ग) Notary Public

(घ) Other

७. रोजगारदाताको वैधानिकता: दर्ताको प्रमाण, Website

८. पहिले नेपाली कामदार गएको/नगएको

९. सेवा, सुविधा र पारिश्रमिक:

(क) Basic Salary

(ख) Working time/ Over time

(ग) Health Insurance

(घ) Food Facility

(ङ) Residence Facilities

१०. Self-Declaration:

(क) Recruitment Agency को नाम:

(ख) Employer Agency:

(ग) माग संख्या:

(घ) राजश्व :

(ङ) मिति:

११. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेश गर्नुको कारण र सोको प्रमाण:

पेश गरिएको कागजात एवं विवरणमा कुनै फरक पर्ने छैन, यस मागपत्र बमोजिम वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकको तोकिए बमोजिमको सेवा शर्तमा फरक परेमा प्रचलित कानुन बमोजिम कारवाही भएमा मञ्जुर भएको व्यहोरा स्वःघोषणा गर्छु भनि सहि छाप गरेको छु।

हस्ताक्षर :

नाम, थर :

मिति :

इजाजतपत्र प्राप्त संस्थाको नाम :

इजाजतपत्र नं. :

---

▲ पहिलो संशोधनद्वारा थप